# REGIONAL NEWS UNIT
# ALL INDIA RADIO GANGTOK
# NEPALI NEWS BULLETIN

**BROADCAST: 18:40 hrs** **Date: 14.01.2025**

**NH-10 Up-gradation**

सड़क परिवहन तथा राजमार्ग मन्त्रालयले सिक्किम-सिलगढ़ीबीच वाहनहरूको सुगम आवागमनलाई सुविधाजनक बनाउन राष्ट्रिय राजमार्ग दशको स्तरोन्नतीका लागि धेरै कार्यहरू अघि बढ़ाएको छ।

केन्द्रिय सड़क परिवहन तथा राजमार्ग मन्त्री नितिन गड्करीले भन्नुभएको छ, सिलगढ़ीदेखि गान्तोकसम्मको वाहन आवागमनलाई सुविधाजनक बनाउन राष्ट्रिय राजमार्ग दशको स्तरोन्नतीका लागि सरकारले विभिन्न कार्यहरूलाई अघि बढ़ाइरहेछ।

केन्द्रिय मन्त्रीले हिजो लोकसभामा सिक्किमका सांसद डाक्टर इन्द्रहाङ सुब्बाद्वारा उढाइएको प्रश्नको लिखित उत्तर दिँदै यसो भन्नुभएको हो।

आफ्नो उत्तरमा श्री गड्करीले राष्ट्रिय राजमार्ग दशलाई सुगम बनाउन र विस्तार गर्न पाँचवटा प्रमुख पहलहरू अहिले चलिरहेको पनि बताउनुभएको छ।

राष्ट्रिय राजमार्ग तथा पूर्वाधार विकास निगम लिमिटेडसित सिभोकदेखि गान्तोकसम्मको राष्ट्रिय राजमार्गको रखरखाउ र विस्तारको जिम्मेवारी रहेको छ।

लोकसभा सांसद डाक्टर सुब्बाले यस पहलका निम्ति केन्द्र सरकार तथा सड़क परिवहन एवं राजमार्ग मन्त्रालयप्रति कृतज्ञता व्यक्त गर्नुभएको छ। उहाँले यसको श्रेय मुख्यमन्त्री प्रेमसिंह तामाङले केन्द्रिय नेतृत्वहरूसित स्थापित गरेको सम्बन्धलाई दिनुभएको छ।

यसैक्रममा, भारतीय जनता पार्टी राज्य एकाईले पनि यस पहलका निम्ति केन्द्रिय मन्त्री श्री गड्करी र केन्द्र सरकारप्रति आभार व्यक्त गरेको छ। पार्टीले एउटा प्रेस बयान जारी भनेको छ, प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा, भाजपा-ले सिक्किमको पूर्वाधार विकासलाई प्राथमिकतामा राख्दै जनतालाई लाभ प्रदान गर्न थप पहल गर्ने वाचा गर्दैछ।

--------------------------------------X--------------------------------------

**CM inaugurated Su-swasthya Niwas**

मुख्यमन्त्री प्रेमसिंह तामाङले आज राज्य बाहिर उपचार गराउन जाने सिक्किमका बिरामीहरूको सुविधाका निम्ति आमाको गोध नामक एउटा सु-स्वास्थ्य निवासको उदघाटन गर्नुभयो। उहाँले उत्तर प्रदेशको प्रयागराजस्थित संगम स्थलमा महाकुम्भ मेलाको अवसरमा पवित्र स्नान गरेर राज्य फर्किने क्रममा सिलगढ़ीको चम्पासरीमा यस सुविधा केन्द्रको उदघाटन गर्नुभएको हो। तीन तले यस सुविधा केन्द्रको उद्देश्य सिलगढ़ीका अस्पतालहरूमा उपचार गराइरहेका राज्यका बिरामीहरूलाई यहाँ रहनका निम्ति सुविधाजनक र राम्रो आवास उपलब्ध गराएर सहायता प्रदान गर्नु हो। गरीब जनकल्याण प्रकोष्ठद्वारा व्यवस्थापन गरिने सुविधा केन्द्रको उदघाटनपछि मुख्यमन्त्री श्री तामाङले भन्नुभयो, यस पहलले घरबाट बाहिर आफ्नो स्वास्थ्य उपचार गराउँदाको समयमा नागरिकहरूले आवश्यक सहायता प्राप्त गरिरहेको सुनिश्चत गर्ने सरकारको प्रतिबद्धतालाई दर्शाउँदछ। श्री तामाङले भन्नुभयो, यस सुविधाले सुरक्षित र सहयोगी वातावरण प्रदान गरेर बिरामीहरू र उनीहरूका परिवारहरूमाथिको बोझ कम गर्ने अपेक्षा गरेको छ।

--------------------------------------X--------------------------------------

**DLOC Meeting**

CCTV क्यामेराको जड़ान र यसको निगरानी सम्बन्धमा गेजिङ जिल्ला स्तरीय निरीक्षण समितिको बैठक बस्यो। गेजिङका अतिरिक्त जिल्लाधीश सुरेश राईको अध्यक्षतामा गेजिङ जिल्ला प्रशासनिक केन्द्रको सम्मेलन कक्षमा आज बसेको बैठकमा गेजिङ महकुमाका पुलिस अधिकारी केसाङ D भोटिया, जिल्ला पञ्चायत सदस्य तथा अन्य उपस्थित थिए। बैठकमा गेजिङ, उत्तरे र देन्ताम पुलिस चौकीमा जड़ान गरिएको CCTV र पावर ब्यापअप तन्त्रको वर्तमान संख्यामाथि विस्तृत चर्चा गरियो। यस अवधि, यी चौकीहरूमा स्थापित पावर ब्याकअप तन्त्रको समयमै मर्मतसम्भार तथा अन्य उपकरणहरूको उचित सञ्चालनका लागि व्यावहारिक प्रशिक्षण

आयोजनाको सुझाउ पनि राखियो। उल्लेखनीय छ, भारतको सर्वोच्च न्यायालयले हिरासतमा हुने यातनाका घटनाहरूलाई नियन्त्रण गर्न सबै पुलिस चौकीका सोधपुछ क्षेत्रहरूमा रेकर्डिङ उपकरणसहित CCTV क्यामेरा जडान गर्ने आदेश जारी गरेको थियो। यो निर्देशन CBI, ED र NIA जस्ता सबै अनुसन्धान एकाईसहित राज्यका सबै पुलिस चौकीहरूमा लागू गरिनुपर्छ।

---------------------------------------X---------------------------------------

**DLAMC Meeting**

सोरेङको जिल्ला प्रशासनिक केन्द्रमा आज जिल्ला स्तरीय आधार निगरानी समितिको बैठक भर्चुअल रूपमा सम्पन्न भयो। सोरेङका अतिरिक्त जिल्लाधीश सन्तोष कुमार आले, DSP बिकास बस्नेत र सोरेङ सामुदायिक स्वास्थ्य केन्द्रकी संयुक्त निदेशक डाक्टर मेनुका तामाङको विशेष उपस्थिति रहेको बैठकमा परियोजना प्रबन्धक दिपज्योती दास र गुवाहाटीबाट आएका राज्य प्रभारी एवं सहायक प्रबन्धक नयन मोदी दासले यसको उद्देश्यमाथि प्रकाश पारे। बैठकको उद्देश्य एजेन्डाहरू, अनिवार्य बायोमेट्रिक अद्यतन (MBU), लम्बित र जन्म दर्ता आधारित आधार नामांकन परियोजनामाथि छलफल गर्नु थियो। आधार दर्ता, यसमा सुधार र अद्यतनीकरणको मापदण्डसहित एजेन्डाको व्यापक समीक्षामाथि पनि बैठकमा विस्तार चर्चा भयो।

---------------------------------------X---------------------------------------

**Sports**

ब्याडमिन्टन संगठन, सिक्किमद्वारा पाल्जोर इन्डोर स्टेडियममा आयोजित तेस्रो सिक्किम राज्य Veterans तथा Masters ब्याडमिन्टन च्याम्पियनशीप आजदेखि शुरू भयो। गान्तोकका जिल्लाधीश तुसार G निखारे विशिष्ट अतिथि रहेको उदघाटनीय कार्यक्रमका मुख्य अतिथि खेलकुद मन्त्री राजु बस्नेतले प्रतियोगिता शुरू भएको घोषणा गर्दै प्रतिभागीहरूलाई शुभकामना दिनुभयो। उहाँले अनुशासन र आरोग्यतामा खेलकुदको भूमिकामाथि प्रकाश पार्दै यस प्रकारका खेलकुद गतिविधिहरू आयोजना गर्ने ब्याडमिन्टन संगठनको प्रयासको प्रशंसा गर्नुभयो अनि खेलाड़ीहरूलाई समर्पणका साथ प्रतिस्पर्धा गर्न प्रोत्साहित गर्नुभयो। सिक्किम राज्य गठनको पचासौं वर्षगाँठको एक भागको रूपमा रहेको यस प्रतियोगितामा राज्य भरिबाट veteran र masters दुवैवर्ग गरी दुई सयभन्दा अधिक खेलाड़ीहरूले भाग लिइरहेछन्। प्रतियोगिताको समापन यसै महिनाको सोल्ह तारिक हुनेछ।

---------------------------------------X----------------------